धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२८ ◆ २०८३ मंसिर ७ सोमबार ◆ Monday, November 23, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

का.वा. प्रधानमन्त्रीको जिम्मेवारी श्रेष्ठलाई, दैनिक प्रशासनिक कार्य सम्हाल्ने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले सम्हाल्ने गरी तोक्नु भएको छ। प्रधानमन्त्री वालेन्द्र शाह भारतको राजकीय भ्रमणमा रहनुभएकाले मन्त्री श्रेष्ठलाई प्रधानमन्त्रीको अनुपस्थितिमा दैनिक प्रशासनिक कार्य सम्हाल्ने गरी तोकिएको राष्ट्रपतिको कार्यालयद्वारा विज्ञप्तिमा उल्लेख छ। प्रधानमन्त्री शाह भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै भारतको राजकीय भ्रमणका लागि आइतबार भारत पुग्नुभएको छ।

एसिया कप राइजिङ स्टार्स : युएईविरुद्ध नेपालको सानदार जित

काठमाडौं । नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले कतारमा जारी एसिया कप राइजिङ स्टार्स एकदिवसीय क्रिकेट प्रतियोगितामा पहिलो जित निकालेको छ। पहिलो जित दर्ता गर्ने क्रममा नेपालले आइतबार युनाइटेड अरब इमिरेट्स (युएई) विरुद्ध ६ विकेटको जित निकालेको हो ।

नेपालले पहिलो खेलमा भारत 'ए' विरुद्ध ३०६ रनको पराजय व्यहोरेको थियो। आइतबार भने नेपालले उत्कृष्ट पुनरागमन गर्दै सहज जित निकाल्यो। युएईले दिएको १२२ रनमको लक्ष्य नेपालले २२ ओभरमा ४ विकेटको क्षतिमा भेट्टायो ।

नेपालको जितमा ओपनिङ ब्याटर कुशल भुर्तेलले अर्धशतकीय पारी खेले ।

सो क्रममा उनले ५६ बलमा छ चौका र एक छक्कासहित ५६ रनको पारी खेलेका हुन् । एकदिवसीय अन्तरराष्ट्रिय क्रिकेटमा कुशलको यो दशौं अर्धशतक हो ।

यसैगरी मयन यादवले २७ र बसिर अहमदले अविजित १८ रनको योगदान दिए। युएईका लागि बलिङतर्फ मोहम्मद मोहसिनले दुई तथा उद्देश सुरी र अङ्श टन्डनले समान १-१ विकेट लिए ।

त्यसअघि सोही अवसरमा नै दोहास्थित विज्ञान तथा प्रविधि विश्वविद्यालयको मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको युएईले ३९.५ ओभरमा सबै विकेट गुमाएर १२१ रन बनाएको थियो ।

उसका लागि मुहम्मद शाहदादले ४०, हरप्रीत सिंहले ३२ र नुरुल्लाह अयोबीले १२ रन बनाए। युएईका बाँकी ब्याटरले भने दोहोरो अङ्कमा समेत रन जोड्न सकेनन् ।

नेपालका लागि बलिङतर्फ कप्तान सन्दीप लामिछाने र कुशल भुर्तेलले समान तीन-तीन तथा राशिद खान, नन्दन यादव र ललितनारायण राजवंशीले १-१ विकेट लिए ।

यो जितपछि नेपालले महत्वपूर्ण २ अङ्क जोडेको छ। नेपाल अहिले समूह 'बी' तालिकामा २ अङ्कका साथ तेस्रो स्थानमा छ । नेपालले अब समूह चरणको अन्तिम खेलमा मङ्गलबार पाकिस्तान 'ए' विरुद्ध खेल्ने तालिका छ ।

नेपाल र भारतबीचको सम्बन्ध पुनः परिभाषित गर्न माग

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्धका बारेमा पुन:परिभाषा गरिनुपर्नेमा जोड दिइएको छ । नेपाल-भारत नीति विमर्श अन्तर्गत आइतबार भएको एसियन सांस्कृतिक सम्पदा विषयक प्रस्तुतिका क्रममा दुवै देशका संस्कृतिसम्बद्ध निकाय एवं सरोकार वालाले यस विषयमा जोड दिएका हुन् ।

इन्डिया फाउण्डेशनकी रमी नीरञ्जन देसाईले नेपाल र भारतबीच सांस्कृतिक सम्बन्धको पुन:परिभाषा जरुरी रहेको समेत सो अवसरमा बताउनुभयो। उहाँले नयाँ पुस्तामा देखिएको नयाँ सोच र आकांक्षाले दुवै देशका युवालाई प्रभावित बनाइरहेको सन्दर्भमा नीतिहरुमा पनि आवश्यकता अनुसारको परिवर्तनमा जोड दिनुभएको हो ।

नेपालका शोधकर्ता अशोक राई प्यासीले पुस्तान्तरणका क्रममा संस्कृतिको पनि हस्तान्तरण हुने भएकाले युवाहरुलाई स्व संस्कृतिका बारेमा जानकार बनाउनुपर्ने बताउनुभयो ।

सोही अवसरमा नै उहाँले युवाहरुलाई सृजनशील र दक्ष बनाउन नेपाल तथा भारतले मिलेर कार्य गर्न सक्ने उहाँको भनाइ थियो। कार्यक्रममा भारतको केन्द्रीय संस्कृत विश्वविद्यालयका प्रा श्रीनिवास बरखेडीले नेपाल र भारतबाट सुरु भई अहिले पनि अभ्यास एवं साधनामा रहेको संस्कृतिले समग्र एसियालाई प्रकाशित गरिरहेकाले यसको विशुद्धता कायम राख्नुपर्नेमा जोड दिनुभयो ।

सोही क्रममा भारतकी प्रा माधुरी सुखिजाले नेपाल र भारतबीच सांस्कृतिक, शैक्षिक, खेलकुद जस्ता सम्बन्धलाई संस्थागत गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा उहाँले संयुक्त शैक्षिक कार्यक्रमहरु बनाएर जानुपर्ने बताउनुभयो । काठमाडौं विश्व-विद्यालयका लागि आइसिसीआर प्रमुखसमेत रहनुभएकी प्रा सुखिजाले शिक्षा र खेलकुदका क्षेत्रमा भइरहेका सहकार्यहरुले सम्बन्धलाई अझ प्रगाढ बनाएको बताउनुभयो । विश्वमा आएको प्रविधिको तीव्र विकासले नेपाल र भारतबीचको नयाँ पुस्तामा सम्बन्धलाई सुदृढी करणका लागि नयाँ नीतिहरु आवश्यक देखिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "परिवर्तित अवस्थामा विरासतले मात्र पुग्दैन, नयाँ नीतिहरु बनाएर सम्बन्धलाई सुदृढ गर्नुपर्छ।"

भारतको मौलाना अबुल कलाम आजाद इन्स्टिच्युट अफ एशियन स्टडिजका निर्देशक प्रा सरुपप्रसाद घोषले दुवै देशले युवाहरुमा रोजगारी र दक्षतामा ध्यान दिनुपर्ने बताउनुभयो । भारतको वर्तमान सरकार दक्षता अभिवृद्धिमा केन्दित भएको तर ब्रेन ड्रेन र बसाईंसराईंको चुनौती बढेको उहाँले सुनाउनुभयो । सामाजिक क्षेत्रमा आएका समस्याले युवा पुस्तामा आएका नकारात्मक असर अन्तका लागि नीति बनाएर अघि बढ्नुपर्नेमा उहाँको जोड थियो ।

भारतको विद्यान गँगा बेसिन फाउण्डेशन अफ रिसर्च एण्ड सस्टेनेबल पोलिसीका निर्देशक आनन्दकुमार श्रीवास्तवले नेपाल र भारतसँग ४० प्रतिशतभन्दा बढी युवा जनसङ्ख्या रहेकोले त्यसबाट प्रचुर लाभ लिन सक्नुपर्ने समेत बताउनुभयो । युवाहरुमा आएको ब्रेन ड्रेनको चुनौती दुवै देशको चुनौती भएकाले मिलेर सामना गर्नुपर्ने उहाँले भनाई थियो ।

नेपालमा स्थिर सरकार भएकाले भारतले मिलेर काम गर्ने सहज वातावरण विकास भएको उहाँले बताउनुभयो ।

दुवै देशले मिलेर काम गर्न सकिने र भारत त्यसका लागि तत्पर रहेको उहाँको भनाइ थियो । नेपालको अर्गानिक उत्पादनले भारतमा बजार पाउनसक्ने र युवालाई त्यस दिशातर्फ लगाउन उहाँको सुझाव थियो ।

समयमै आँखाको परीक्षण गराए डायबेटिक रेटिनोप्याथीका कारण हुने दृष्टि क्षति रोक्न सकिने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। मधुमेह भएका व्यक्तिले नियमित आँखाको परीक्षण गराए डायबेटिक रेटिनोप्याथीका कारण हुने दृष्टि क्षति रोक्न सकिने नेत्र विशेषज्ञले बताएका छन् ।

नेत्र विशेषज्ञ डा रबा थापाका अनुसार मधुमेह पहिचान हुनासाथ चिकित्सकको सल्लाह अनुसार नियमित आँखाको परीक्षण गराउनु आवश्यक छ। डायबेटिक रेटिनोप्याथीले आँखाको पर्दा (रेटिना) का रक्तनलीमा क्षति पुऱ्याउने भएकाले समयमै परीक्षण र उपचार गराए दृष्टिविहीन हुनबाट बच्न सकिने उहाँले बताउनुभयो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार स्वस्थ आहार, नियमित शारीरिक क्रियाकलाप, सन्तुलित तौल र सुर्तीजन्य पदार्थको सेवन नगर्ने बानीले मधुमेहको जोखिम कम गर्न सकिन्छ । मधुमेहले आँखाका रक्तनलीमा क्षति पुऱ्याएर स्थायी दृष्टि क्षति तथा अन्धोपन निम्त्याउन सक्छ । सङ्गठनका अनुसार डायबेटिक रेटिनोप्याथी दृष्टि कमजोर हुने र अन्धोपन हुने प्रमुख कारणमध्ये एक हो। विश्वभर ३९ लाख मानिसमा यसका कारण टाढाको दृष्टि कमजोर हुने वा दृष्टिविहीनताको समस्या देखिएको छ भने १० करोड ३० लाखभन्दा बढी वयस्क यस अवस्थाको कुनै न कुनै रूपबाट प्रभावित छन् ।

डायबेटिक रेटिनोप्याथी सुरुआती अवस्थामा लक्षणविहीन हुनसक्ने भएकाले दृष्टिमा समस्या नदेखिए पनि मधुमेह भएका व्यक्तिले नियमित आँखाको परीक्षण गराउनुपर्ने डा थापाको भनाइ छ। रगतमा ग्लुकोजको मात्रा लामो समयसम्म बढी रहँदा आँखाको पर्दाका सूक्ष्म रक्तनलीमा क्षति पुग्ने र समयमै पहिचान तथा उपचार नभए दृष्टि गुम्नसक्ने हुन्छ । मधुमेहको जोखिम कम गर्न नियमित स्वास्थ्य परीक्षण, चिकित्सक को सल्लाह अनुसार जीवनशैली व्यवस्थापन र आँखाको नियमित परीक्षण आवश्यक रहेको डा थापाले बताउनुभयो ।

सो क्रममा उहाँले मधुमेह पहिचान हुनासाथ चिकित्सकको सल्लाहअनुसार आँखाको परीक्षण गराउन आग्रह गर्नुभयो ।

मोटरसाईकल हरायो

सूचना प्रकाशित मिति २०८३।०८।०७

प्रस्तुत विषयमा मिति २०८३ साल असोज २८ गते राती धादिङ जिल्ला थाक्रे गाउँपालिका वडा न ७ स्थित माटीगाउँ स्थित आफ्नै घरमा पार्किङ गरि राखेको अवस्थामा पल्सर मोटरसाईकल हराएकोले देख्नुहुने वा भेट्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा तपशिल बमोजिक सम्पर्क नम्बरमा जानकारी गराईदिनुहुन अनुरोध गरिन्छ ।

सवारी धनी : बिश्व प्रजा
सवारी धनीको ठेगाना : थाक्रे गा.पा. -७, धादिङ
मोटरसाईकल नम्बर : बा.प्र.०२-०५२ प ०८७९
च्याचिस नम्बर : MB2A36FX8MCH96842
ईन्जिन नम्बर : JLXCMH93227
सम्पर्क नम्बर : ९८४९७३३१७६

नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्ध पुनः परिभाषित गर्न माग

काठमाडौं। नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्धका बारेमा पुन:परिभाषा गरिनुपर्नेमा जोड दिइएको छ। नेपाल-भारत नीति विमर्श अन्तर्गत आइतबार भएको एसियन सांस्कृतिक सम्पदा विषयक प्रस्तुतिका क्रममा दुवै देशका संस्कृतिसम्बद्ध निकाय एवं सरोकारवालाले यस विषयमा जोड दिएका हुन् ।

इन्डिया फाउण्डेशनकी रमी नीरञ्जन देसाईले नेपाल र भारतबीच सांस्कृतिक सम्बन्धको पुन:परिभाषा जरुरी रहेको बताउनुभयो। उहाँले नयाँ पुस्तामा देखिएको नयाँ सोच र आकांक्षाले दुवै देशका युवालाई प्रभावित बनाइरहेको सन्दर्भमा नीतिहरुमा पनि आवश्यकता अनुसारको परिवर्तनमा जोड दिनुभएको हो । नेपालका शोधकर्ता अशोक राई प्यासीले पुस्तान्तरणका क्रममा संस्कृतिको पनि हस्तान्तरण हुने भएकाले युवाहरुलाई स्व संस्कृतिका बारेमा जानकार बनाउनुपर्ने बताउनुभयो । युवाहरुलाई सृजनशील र दक्ष बनाउन नेपाल तथा भारतले मिलेर कार्य गर्न सक्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा भारतको केन्द्रीय संस्कृत विश्वविद्यालयका प्रा श्रीनिवास बरखेडीले नेपाल र भारतबाट सुरु भई अहिले पनि अभ्यास एवं साधनामा रहेको संस्कृतिले समग्र एसियालाई प्रकाशित गरिरहेकाले यसको विशुद्धता कायम राख्नुपर्नेमा जोड दिनुभयो । भारतकी प्रा माधुरी सुखिजाले नेपाल र भारतबीच सांस्कृतिक, शैक्षिक, खेलकुद जस्ता सम्बन्धलाई संस्थागत गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा उहाँले संयुक्त शैक्षिक कार्यक्रमहरु बनाएर जानुपर्ने बताउनुभयो ।

काठमाडौं विश्वविद्यालयका लागि आइसिसीआर प्रमुखसमेत रहनुभएकी प्रा सुखिजाले शिक्षा र खेलकुदका क्षेत्रमा भइरहेका सहकार्यहरुले सम्बन्धलाई अझ प्रगाढ बनाएको बताउनुभयो । विश्वमा आएको प्रविधिको तीव्र विकासले नेपाल र भारतबीचको नयाँ पुस्तामा सम्बन्धलाई सुदृढीकर णका लागि नयाँ नीतिहरु आवश्यक देखिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "परिवर्तित अवस्थामा विरासतले मात्र पुग्दैन, नयाँ नीतिहरु बनाएर सम्बन्धलाई सुदृढ गर्नुपर्छ।" भारतको मौलाना अबुल कलाम आजाद इन्स्टिच्युट अफ एशियन स्टडिजका निर्देशक प्रा सरुपप्रसाद घोषले दुवै देशले युवाहरुमा रोजगारी र दक्षतामा ध्यान दिनुपर्ने बताउनुभयो । भारतको वर्तमान सरकार दक्षता अभिवृद्धिमा केन्दित भएको तर ब्रेन ड्रेन र बसाईंसराईंको चुनौती बढेको उहाँले सुनाउनुभयो । सामाजिक क्षेत्रमा आएका समस्याले युवा पुस्तामा आएका नकारात्मक असर अन्तका लागि नीति बनाएर अघि बढ्नुपर्नेमा उहाँको जोड थियो ।

सम्पादकीय ....

सुदूरपश्चिमको ऐतिहासिक सफलता

नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणमा सुदूरपश्चिम रोयल्सले प्राप्त गरेको सफलता नेपाली क्रिकेटका लागि एउटा ऐतिहासिक उपलब्धि बनेको छ । लगातार दुई संस्करणको फाइनलमा पुगेर पनि उपाधि जित्न नसकेको सुदूरपश्चिमले तेस्रो प्रयासमा उपाधि उचाल्दै आफ्नो लामो प्रतीक्षालाई सुखद अन्त्य गरेको छ । यस सफलताले खेलकुदमा निरन्तर प्रयास, धैर्य र आत्मविश्वासको महत्त्वलाई समेत उजागर गरेको छ ।

शनिबार सम्पन्न एनपीएलको फाइनल खेलमा सुदूरपश्चिम रोयल्सले सात्रिक विजेता लुम्बिनी लायन्सलाई १० विकेटले पराजित गर्दै पहिलोपटक उपाधि जित्न सफल भयो । पहिले ब्याटिङ गरेको लुम्बिनीले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १५५ रन बनाएको थियो । जवाफमा सुदूरपश्चिमले कुनै पनि विकेट नगुमाई १३.३ ओभरमै लक्ष्य पूरा गर्दै शानदार जित निकाल्यो । स्कटल्यान्डका खेलाडी जर्ज मुन्सेले ५४ बलमा अविजित १२५ रन बनाउँदै टोलीको जितलाई ऐतिहासिक बनाए । उनलाई विनोद भण्डारीले पनि उत्कृष्ट साथ दिएका थिए ।

सुदूरपश्चिमको यो सफलता एक खेलको जित मात्र होइन, निरन्तर संघर्ष र धैर्यको परिणाम पनि हो । एनपीएलको पहिलो संस्करणमा जनकपुर बोल्ट्ससँग फाइनलमा पराजित भएको सुदूरपश्चिम दोस्रो संस्करणमा लुम्बिनी लायन्ससँग उपाधि गुमाउन पुगेको थियो । लगातार दुईपटक उपाधि नजिक पुगेर पनि सफलता हात नपरेको अवस्थामा तेस्रोपटक फेरि फाइनलमा पुग्नु र उपाधि जित्नु आफैंमा ठूलो उपलब्धि हो ।

यसपटकको प्रतियोगितामा पनि सुदूरपश्चिमको सुरुवात सहज थिएन । पहिलो खेलमै लुम्बिनीसँग पराजित भएको टोलीले बीचमा अर्को हारसमेत बेहोर्नुपरेको थियो । तर हारबाट निराश नभई खेलमा सुधार गर्दै टोलीले पुनरागमन गऱ्यो । खेलाडीहरूको सामूहिक प्रयास, कप्तान दीपेन्द्रसिंह ऐरीको नेतृत्व, बलिङ र ब्याटिङमा देखिएको सन्तुलनले टोलीलाई उपाधिसम्म पुऱ्यायो ।

विशेषगरी जर्ज मुन्सेको उत्कृष्ट प्रदर्शनले फाइनल खेललाई अविस्मरणीय बनायो। नेपाली क्रिकेटप्रेमीका लागि उनको शतक लामो समयसम्म स्मरणीय रहनेछ । त्यस्तै, नेपाली खेलाडीहरूले पनि अन्तर्राष्ट्रिय खेलाडीसँगै खेल्दै आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त गरेका छन् ।

सुदूरपश्चिमको सफलताले नेपालका विभिन्न क्षेत्रबाट खेलकुदमा लगानी र प्रोत्साहन बढाउनुपर्ने सन्देश दिएको छ । प्रतिभा र सम्भावना देशका सबै भूभागमा छन् । उचित अवसर, प्रशिक्षण, व्यवस्थापन र प्रोत्साहन पाएमा नेपाली खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उत्कृष्ट नतिजा दिन सक्छन् भन्ने कुरा यस प्रतियोगिताले प्रमाणित गरेको छ ।

एनपीएलले क्रिकेटलाई मनोरञ्जनको माध्यम मात्र नभई पर्यटन, आर्थिक गतिविधि र राष्ट्रिय पहिचानसँग जोड्ने अवसर पनि प्रदान गरेको छ । यस्ता प्रतियोगिताले युवा पुस्तालाई खेलकुदप्रति आकर्षित गर्नुका साथै नयाँ प्रतिभा उत्पादन गर्न सहयोग पुऱ्याउँछन् । सुदूरपश्चिम रोयल्सको ऐतिहासिक सफलता सबै नेपाली क्रिकेटप्रेमीका लागि खुसीको विषय हो । दुईपटकको असफलतापछि पनि हार नमानी निरन्तर प्रयास गर्दा सफलता प्राप्त गर्न सकिन्छ भन्ने प्रेरणा यस टोलीले दिएको छ । आगामी दिनमा पनि नेपाली क्रिकेटको विकास, खेलाडीको क्षमता अभिवृद्धि र प्रतियोगिताको गुणस्तर सुधारमा सबै पक्षको ध्यान जान आवश्यक छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

एनपिएल क्रिकेटको उपलब्धि तथा आगामी संस्करणका अपेक्षा

राजु सिलवाल

टेलिभिजनमा मात्र देखिएका विश्व प्रसिद्ध क्रिकेटरहरुका साथै नेपाली युवाहरुद्वारा काठमाडौंको कीर्तिपुरस्थित क्रिकेट मैदानमा गरिएको छक्का र चौकाको वर्षासँगै एकपछि अर्को विकेट झरेका रोमाञ्चकारी दृश्यहरूको सुखद सम्झनाका साथ नेपाल प्रिमियर लिग क्रिकेट एनपिएलको तेश्रो संस्करण सम्पन्न भएको छ । दर्शकहरुले यसपालि एनपिएलमा तीन वटा शतक प्रत्यक्ष रुपमा अवलोकन गर्ने महत्वपूर्ण अवसर पाएका थिए । पोखरा एभेन्जर्स टिमबाट खेलेका क्यानडाको राष्ट्रिय टिमका ओपनर ब्याटसम्यान युवराज सामरा, चितवन राईनोजबाट खेलेका श्रीलङ्काका ब्याटसम्यान कामिल मिसाराको शतकपछि फाइनलमा दर्शकहरुले स्कटल्याण्डका जर्ज मुन्सीको सनसनीपूर्ण सतकको मज्जा लिने मौका पाए ।

महत्वपूर्ण कीर्तिमानहरु

एनपिएलको इतिहासमा एउटै खेलमा ५४ बलमा सर्वाधिक १२५ रन बनाएर सुदूरपश्चिम रोयल्सलाई उपाधि दिलाउन जर्ज मुन्सीले उल्लेखनीय भूमिका खेलेका थिए । सुदूरपश्चिम टिम तीन पटक फाइनलमा पुगेता पनि यसपटक पहिलो चोटी लुम्बिनी लायन्स टिमलाई गत वर्षको बदला लिँदै १० विकेटले पराजित गरेर उपाधि जित्न सफल भएको थियो । लुम्बिनी लायन्स टिम भने अपराजित बन्दै फाइनलमा पुग्ने पहिलो टिम बनेको थियो । गत वर्षको उपाधि विजेता लुम्बिनीले यसपालि पनि फाइनलमा उत्कृष्ट पुनरागमन गरेको थियो । पहिलो संस्करणमा सहभागी टिमहरु मध्ये पुछारमा रहन पुगेको लुम्बिनी दोस्रो संस्करणमा उपाधि हात पार्न सफल भएपनि यसपालि फाइनलमा फितलो प्रदर्शनले अघि बढन असमर्थ बन्न पुग्यो । सुदूरपश्चिम रोयल्स भने तेस्रो संस्करणमा दोस्रो क्वालिफायर्समा चितवन राईनोज लाई पराजित गरी तेस्रो पटक फाइनलमा पुग्न सफल भएको थियो। गत वर्ष भने यो टिम फाइनलमा पुग्ने पहिलो टिम बन्न पुगेको थियो। गत दुई संस्करणको उप विजेताका रुपमा खुम्चनु परेको पीडामा रहेको सुदूरपश्चिम टिमका लागि फाइनल खेलमा जर्ज मुन्सीले लगातार प्रहार गरेको १२ छक्का तथा ८ चौकाले रङ्गशालामा भएको गुञ्जयमान दरिलो मल्हम बन्न पुगेको थियो । यस वर्ष नेपालमा तीन खेल मात्र खेलेका मुन्सीले लुम्बिनी लायन्ससँगै खेलेको पहिलो खेलमा कुनै पनि रन लिन नसकि पेभेलियर फर्कनु परेको थियो भने चितवनसँगको खेलमा ८ रन मात्र लिएका थिए ।अघिल्लो संस्करणमा विराटनगर किङ्गसका तर्फबाट खेल्दा ६ खेलमा कूल ६० रन मात्र बनाउन सकेका मुन्सीको पछिल्लो पटकको सफलता ऐतिहासिक हुन पुग्यो। अझ उल्लेखनीय प्रसङ्ग त एनपिएलमा ८ टिममा सहभागी भएका स्वदेशी तथा विदेशी खेलाडीहरु मध्ये व्यक्तिगत रुपमा सबैभन्दा बढी कूल १७ वटा विकेट लिन चितवन राईनोज टिमका नेपाली खेलाडी रिजन ढकाल सफल हुनु नेपाली खेल जगतको गौरवको विषय मानिएको छ। प्रतियोगितामा पोखरा एभेन्जर्सका युवराज सामराले व्यक्तिगत रुपमा कूल २९४ रन बनाउन सफल भएका थिए। दोस्रो स्थानमा विराटनगर किङ्गसका नेपाली खेलाडी लोकेश बमले २४२ विशाल रन बनाएका थिए । प्रतियोगिता अवधिभर सबैभन्दा बढी १८ वटा छक्का बनाउन लोकेश बम सफल भएका थिए । पोखरा टिमका युवराज सामराले कूल २९ वटा चौका लिएका थिए। एउटै खेलमा सर्वाधिक ६ विकेट लिएर नेपालका सन्दिप लामिछानेले अर्को महत्वपूर्ण कीर्तिमान बनाएका थिए ।

करोडौँ पुरस्कार

हालसम्म आयोजना भएका खेलकुद प्रतियोगिता मध्ये सर्वाधिक धनरासीको पुरस्कार प्रदान गरिनु एनपिएल क्रिकेट प्रतियोगिताको विशेषता बन्न पुगेको छ । निजी क्षेत्रको लगानीमा सञ्चालन भइरहेका सहभागी टिमहरुको यो प्रतियोगितामा निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठानहरुको सक्रियता तथा संलग्नता पनि आकर्षक रुपमा भइरहेका छन् । यसकै कारण जुटेको थुप्रै प्रयोजनले उपाधि विजेता सुदूरपश्चिम, उपविजेता लुम्बिनी लायन्स, तृतीय चितवन राईनोज र काठमाडौँ चौथो भएको काठमाडौँ गोर्खाजलाई गरी करोडौँ रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो। यस बाहेक विभिन्न टिमका नेपाली तथा विदेशी खेलाडीहरुले लाखौँ रुपैयाँ नगद पुरस्कार पाएका छन्। प्रतियोगिता अवधिभर २१८ रनका साथै ६ विकेट लिएर प्रतियोगिताकै सर्वोत्कृष्ठ खेलाडी घोषित भई सुदूरपश्चिम टिमका कप्तान दिपेन्द्र सिंह ऐरीले ५ लाख रुपैयाँ नगद पाएका थिए । फाइनलका सबैभन्दा प्रभावशाली खेलाडी बन्न सफल सुदूरपश्चिम टिमका जर्ज मुन्सीले बेग्ला बेग्लै राशिका विभिन्न चार पुरस्कार हात पार्न सफल भएका थिए ।

कार र मोटरसाइकल पनि

यसपालि एनपिएल खेलेका खेलाडीहरुमध्ये सर्वाधिक भाग्यमानी नेपाली खेलाडीमा चितवन राईनोज टिमका बलर रिजन ढकाल हुन पुगे । हेटौँडाका २७ वर्षीय ढकालले सर्वोत्कृष्ठ नेपाली खेलाडीका रुपमा प्रतियोगिताको सबैभन्दा आकर्षक मानिएको करिब ६५ लाख रुपैयाँ लागतको ओमोडाको मोटरकार पुरस्कार जित्न सफल भएका छन्। नेपाली राष्ट्रिय टिममा समेत प्रतिनिधित्व गरिसकेका ढकालले एनपिएलको तेस्रो संस्करणका ८ खेलमा सर्वाधिक १७ विकेट लिएका थिए। ढकालले ६.२२ को इकोनोमी रेटमा बलिङ गरेर विकेटहरु लिन पुगेका थिए । यस अघिका प्रतियोगितामा सुदूपश्चिम टिमका कप्तान दिपेन्द्रसिंह ऐरी र लुम्बिनी टिमका कप्तान रोहित पौडेलले कार पुरस्कार जितिसकेका छन् । भोलि सुखद सम्भावना बोकेका रिजन ढकालले गोल्डेन क्यापका साथै मोटरसाइकल तथा दुई लाख रुपैयाँ नगद पुरस्कार पनि पाएका छन् । जनकपुर बोल्ट्स टिमका तर्फबाट पहिलो पटक प्रतिभा छनौट शिविरमार्फत डेब्यु गरी कूल १२ विकेट लिन सफल रौतहटका १६ वर्षीय राहुल यादवलाई प्रतियोगिता को इमर्जिङ प्लेयर घोषणा गरेर मोटरसाइकल पुरस्कार प्रदान गरिएको थियो। ९ कक्षामा अध्ययन गरिरहेका राहुल ४४६ जनाले नाम दर्ता गराएको प्रतिभा छनौट शिविरमा उत्कृष्ट प्रदर्शन गरी टिममा समावेश हुन सफल भएका थिए ।

कमेण्टेटरको कमाल

नेपाली दर्शकहरु माझ तक्लु दाइका नामले परिचित स्कटल्याण्डका टेलिभिजन कमेण्टेटर एण्ड्रयु लियोनार्ड विगत केही वर्षदेखि विभिन्न क्रिकेट प्रतियोगिता को सिलसिलामा नेपालको सकारात्मक सन्देश प्रवाह गर्ने काममा सक्रिय हुँदै आएका छन् । एनपिएल क्रिकेटको टेलिभिजन कमेण्ट्री गरेका उनी सहितका अन्य विदेशी कमेण्टेटरहरुले प्रतियोगिता अवधिभर नेपालको कला संस्कृति, प्राकृतिक सौन्दर्य, मौलिकता आदि नेपालबारे जानकारी दिएका थिए। यस्तो प्रसंशनीय कार्यले भविष्यका दिनमा नेपालमा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ।अझ फाईनलका दिनमा सबै कमेण्टेटरहरुले ढाका टोपीका साथै नेपाली मौलिक पोसाक लगाएर उद्घोषण गरी गौरवान्वित बनाएका थिए ।

एनपिएल खेल्न आएका विभिन्न मुलुकका ख्यातिप्राप्त खेलाडीहरुले नेपाल बसाइका सिलसिलामा सगरमाथाका साथै अन्य पर्यटकीय क्षेत्रमा गरेको भ्रमण तथा उनीहरुको अभिव्यक्ति पनि नेपालको प्रचारका लागि निक्कै महत्वपूर्ण हुने ठानिएको छ ।

दर्शकहरुको अपार समर्थन

जाडोको मौसम बढिरहेको अवस्थामा रातिको समयमा समेत दिनहुँ अत्यधिक सङ्ख्यामा दर्शकहरु रङ्गशालामा उपस्थित भएर क्रिकेटको मनोरञ्जन लिनु यो प्रतियोगिताको सफलता मान्न सकिन्छ । एनपिएलको उद्घाटन तथा फाइनललगायतका खेलको टिकट छोटो अवधिमै सोल्डआउट भएबाट पनि क्रिकेटप्रतिको बढ्दो क्रेज देखिएको छ । फाइनलका दिनको टिकट पाउन नसकेका क्रिकेट प्रेमीहरुले विरोध प्रदर्शनसमेत गरेका थिए । विरोध बढ्दै गएपछि नेपाल क्रिकेट सङ्घ क्यानले फाइनलको टिकट प्राप्त गर्न नसकेका दर्शकहरुलाई आधिकारिक डिजिटल प्लेटफर्ममार्फत हेरेर प्रतियोगितालाई समर्थन गरिदिन आग्रहसमेत गर्नु परेको थियो । एनपिएलले दर्शकहरुमा क्रिकेट प्रतिको अभूतपूर्व आकर्षण बढाउँदै छुट्टै पहिचान स्थापित गरेको छ । तेस्रो संस्करणसम्म आइपुग्दा एनपिएलले क्रिकेटलाई सीमित खेलप्रेमीहरुको रुचिबाट आम नेपालीहरुका साथै विश्वका विभिन्न मुलुकका क्रिकेटलाई माया गर्नेहरुको ध्यान नेपालप्रति केन्द्रीत गर्न सफल भएको छ ।

नेपालीलाई अवसर

प्रतियोगिताले घरेलु क्रिकेट मा नयाँ उत्साह थप्नुका साथै खेलाडीहरुमा व्यावसायिक प्रतिस्पर्धा को भावना अभिवृद्धि गर्दै गएको छ। एनपिएलमा विदेशी खेलाडीहरुको बढ्दो सहभागिताले नेपाली खेलाडीहरुलाई अन्तरराष्ट्रिय अनुभव भएका खेलाडीसँग खेल्ने, सिक्ने र आफ्नो क्षमता परीक्षण गर्ने अवसर पनि बिगतका वर्षहरुको तुलनामा यस वर्ष अझ बढन पुग्यो । एनपिएलको माध्यमबाट नेपालका नयाँ तथा प्रतिभाशाली खेलाडीलाई आफ्नो क्षमता देखाउ अवसर पाए । जसको कारण उत्कृष्ट प्रदर्शन गर्ने केही खेलाडीले राष्ट्रिय टोलीमा समेत प्रवेश गर्ने अवसर प्राप्त गरेका छन् ।

अन्तरराष्ट्रिय मान्यता

अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले एनपिएलको तेस्रो संस्करणलाई आधिकारिक स्वीकृति दिनु यस पटकको उल्लेखनीय उपलब्धि मान्न सकिन्छ ।

एनपिएल का क्रममा खेलाडीहरुले लिएको रन तथा विकेटलाई खेलाडीको आधिकारिक टि २० तथ्याङ्कमा उल्लेख छ ।

शिक्षामा पहुँच सुनिश्चित गरौं



- शिक्षाबाट वञ्चित हुने अवस्थाको अन्त्य गरौं,
- विद्यार्थीमा सिर्जनशील क्षमताको विकास गरौं,
- विद्यार्थी मैत्री वातावरण निर्माण गरौं,
- विद्यार्थीमा अनुशासन, नैतिकता, सहिष्णुता र सामाजिक उत्तरदायित्वको भावना विकास गरौं,
- शिक्षालाई जीवनोपयोगी बनाऔं।

नेपाल सरकार,
विज्ञापन बोर्ड

प्रधानमन्त्री शाह नयाँदिल्लीमा, राज्यमन्त्री जितिनद्वारा स्वागत

नयाँदिल्ली । प्रधानमन्त्री वालेन्द्र शाह दुईदिने राजकीय भ्रमणका लागि भारतको नयाँदिल्ली आइपुग्नुभएको छ ।

प्रधानमन्त्री शाह नेपाल एयरलाइन्सको नियमित उडानबाट आइतबार (हिजो) दिउँसो स्थानीय समयअनुसार ३:१५ बजे इन्दिरा गान्धी अन्तरराष्ट्रिय विमानस्थल अवतरण गर्नुभयो । उहाँलाई विमानस्थलमा भारत सरकारका वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले स्वागत गर्नुभयो ।

त्यस अवसरमा भारतका लागि नेपालका राजदूत डा निश्चलनाथ पाण्डे, नेपालका लागि भारतीय राजदूत सुधाकर दलेला, भारतका विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावार र नयाँ दिल्लीस्थित नेपाली दूतावासका वरिष्ठ अधिकारी लगायतको उपस्थिति थियो ।

प्रधानमन्त्री शाह भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा भारत भ्रमणमा आउनुभएको हो । प्रधानमन्त्रीको स्वागतमा विमानस्थलमा विभिन्न झाँकी प्रस्तुत गरिएको थियो ।

प्रधानमन्त्री शाहको भ्रमण टोलीमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार, राजनीतिक सल्लाहकारलगायत उच्चपदस्थ सरकारी अधिकारी, व्यवसायी र पत्रकारलगायत हुनुहुन्छ। भ्रमणका क्रममा प्रधानमन्त्री शाहले भारतका राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्नुहुनेछ । साथै उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीसँग यही मङ्सिर ७ गते प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुने तालिका छ ।

भ्रमणका क्रममा दुई देशबीच सम्पर्क सञ्जाल विस्तार तथा ऊर्जा सहकार्यसम्बन्धी विभिन्न सम्पन्न परियोजनाको उद्घाटन गर्ने कार्यक्रम छ। यस्तै, नयाँ परियोजना को शिलान्यास गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

भ्रमणका क्रममा दुवै देशका उच्च सरकारी नेतृत्वबीच व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल तथा पूर्वाधार विकासलगायतका क्षेत्रमा आर्थिक सहकार्य अभिवृद्धि गर्ने विषयमा छलफल हुनेछ ।

यस्तै, सहकार्यका विविध क्षेत्र शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन, मानवसंशाधन विकासजस्ता विषय समेटिएका विभिन्न समझदारीपत्र (एमओयु) आदानप्रदान गरिनेछन् ।

शिक्षालाई रोजगारीसँग जोड्न नीतिगत सुधार आवश्यक : सभापति श्रेष्ठ

प्रत्यूष समाचारदाता

धादिङबेशी । संसदीय सुनुवाइ समितिका सभापति एवं धादिङ निर्वाचन क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य बोधनारायण श्रेष्ठले शिक्षालाई रोजगारी र स्वरोजगारसँग जोड्न शैक्षिक नीति, पाठ्यक्रम तथा अध्यापन पद्धतिमा सुधार आवश्यक रहेको बताउनुभएको छ ।

नीलकण्ठ क्याम्पस धादिङको २७ औँ वार्षिकोत्सवलाई सम्बोधन गर्दै उहाँले विद्यार्थीको आवश्यकता र श्रमबजारको मागअनुसार शिक्षा प्रणाली विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

सामुदायिक क्याम्पस सञ्चालनमा देखिएका कठिनाइ सम्बोधन गर्न अनुदान नीति पुनरावलोकन र नयाँ कार्यक्रमको सम्बन्धन प्रक्रियालाई छरितो बनाउनुपर्ने उहाँको भनाइ थियो ।

"नीतिले सहजीकरण गर्नुपर्छ, देशलाई अगाडि लानुपर्छ, जनतालाई खुसी बनाउन सक्नुपर्छ", सभापति श्रेष्ठले भन्नुभयो । उहाँले सम्बन्धन दिन मिल्ने वा नमिल्ने विषयमा समयमै निर्णय हुनुपर्ने उल्लेख गर्दै लामो समयसम्म निर्णय नहुँदा क्याम्पसलाई कार्यक्रम विस्तारमा कठिनाइ हुने बताउनुभयो ।

एकातिर युवा रोजगारीको खोजीमा रहेको र अर्कातिर होटल, कृषि तथा प्राविधिक क्षेत्रमा काम गर्ने जनशक्ति अभाव रहेको उल्लेख गर्दै उहाँले शिक्षालाई पेसागत सीपसँग जोड्नुपर्ने बताउनुभयो ।

अनुसन्धान र नवीन काममा लगानी बढाएर विद्यार्थीको सिकाइलाई कक्षाकोठाबाहिरका व्यावहारिक कामसँग जोड्न उहाँले आग्रह गर्नुभयो ।

विद्यार्थीले पढाइसँगै काम गर्न सक्ने वातावरण बनाउन आंशिक समय तथा घण्टाका आधारमा रोजगारीका अवसर सिर्जना गर्नुपर्नेमा सभापति श्रेष्ठले जोड दिनुभयो । विद्यार्थीको अनुकूलताअनुसार पठनपाठनको समय लचिलो बनाउन सके स्थानीय क्याम्पसप्रति आकर्षण बढाउन सहयोग पुग्ने उहाँको धारणा थियो ।

उहाँले विद्यार्थीलाई स्थानीय क्याम्पसमै अध्ययन गर्न प्रेरित गर्ने आधार शैक्षिक गुणस्तर र अध्ययनपछिको अवसर भएको बताउनुभयो ।

सामुदायिक क्याम्पसका समस्या समाधान तथा आवश्यक नीतिगत सुधारका लागि सांसदको हैसियतले भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो ।

शिक्षामा भाषा, संस्कृति, संस्कार र प्रविधिलाई समेट्नुपर्ने उल्लेख गर्दै सभापति श्रेष्ठले देशको प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई अध्ययन, पेसा र आयआर्जनसँग जोड्नुपर्ने बताउनुभयो । उहाँले विद्यार्थीलाई विश्वको ज्ञान र अनुभव हासिल गरी नेपालमा काम गर्ने लक्ष्य राख्न आग्रह गर्नुभयो ।

जिल्लाको विकासबारे चर्चा गर्दै उहाँले आगामी २० वर्षपछिको धादिङको परिकल्पना गरी अनुसन्धानमा आधारित योजना बनाउन प्रस्ताव



गर्नुभयो । त्यसमा विद्यार्थी, शैक्षिक संस्था, जनप्रतिनिधि र राजनीतिक दलबीच सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो ।

पर्यटनबाट स्थानीय रोजगारी विस्तार गर्न नौ स्थानीय तहलाई जोड्ने पर्यटन गुरुयोजना बनाउने तयारी रहेको र त्यसका लागि सरकारले रु पाँच करोड विनियोजन गरेको उहाँले जानकारी दिनुभयो ।

विनियोजित बजेटको उपलब्धि सुनिश्चित गर्न समयमै ठेक्का, गुणस्तरीय निर्माण र नागरिक निगरानी आवश्यक रहेको उहाँले बताउनुभयो ।

नयाँ जातको मकै सिफारिस

चितवन । राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरले यस वर्ष एउटा नयाँ जातको मकै सिफारिस गरेको छ। खुल्ला सिञ्चित जातका रूपमा रहेको मनकामना-८ जातको मकै सिफारिस गरिएको हो । सिड बोर्डले सिफारिस गरेपछि मकै किसानले समेत बीउको रूपमा प्रयोग गर्न पाउने छन् ।

कार्यक्रमका निमित्त प्रमुख भिमनाथ अधिकारीका अनुसार कार्यलयले यस वर्ष खुल्ला सिञ्चित जात सिफारिस गरेको हो । अर्को एउटा हाइब्रिड जात सिफारिसको चरणमा रहेको बताउँदै यसको नाम हाइब्रिड सिएएच-१५११ रहेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार मनकामना-८, मध्य पहाडी क्षेत्रका लागि सिफारिस गरिएको हो । एक हजार ५०० मिटरसम्म लगाउन सकिने र अन्य जातको तुलनामा खडेरी सहन सक्ने भएकाले तराईमा समेत लगाउन सकिने उहाँले जानकारी दिनुभयो। सो क्रममा तराई क्षेत्रका लागि सिफारिसको क्रममा रहेको सिएएच १५११ जातको मकै एक हजार मिटर उचाइसम्म लगाउन सकिने अधिकारीले बताउनुभयो। वसन्त ऋतु र हिउँदमा समेत लगाउन सकिने यो मकै चिस्यान बढी भएपनि सहन सक्ने प्रकृतिको छ। कार्यक्रमले अहिलेसम्म हाइब्रिड जातको १० वटा र खुल्ला सिञ्चित जातको ३१ वटा मकैको बीउ सिफारिस गरिसकेको उहाँले जानकारी दिनुभयो ।

चार महिनामा पुँजीगत खर्च साढे चार प्रतिशत मात्र

जुम्ला । जुम्लामा चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चौमासिकमा पुँजीगत खर्च करिब ४ दशमलव ६७ प्रतिशत मात्रै भएको छ ।

जिल्लामा चालु आवका लागि कुल बजेट रु तीन अर्ब ३३ करोड १६ लाख १९ हजार बजेट विनियोजन भएकामा कात्तिक मसान्तसम्ममा वार्षिक विनियोजनको चार दशमलव ६७ मात्र खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक मन्जित अछामीले जानकारी दिनुभयो ।

जिल्लाको सबैभन्दा बढी विकासे बजेट सडक डिभिजन कार्यालय र सघन सहरी तथा भवन आयोजनाको छ। सडक डिभिजनमा चालु आवका लागि पुँजीगत बजेट रु एक अर्ब ७९ करोड ५० हजार विनियोजन भएकामा चालु आवको कात्तिक मसान्तसम्ममा रु ६ करोड ४८ लाख १२ हजार अर्थात् तीन दशमलव ६१ प्रतिशत पुँजीगत खर्च भएको छ ।

यसैगरी, सघन सहरी तथा भवन आयोजनामा रु एक अर्ब ३९ करोड दुई लाख पाँच हजार पुँजीगत बजेट विनियोजन भएकामा चालु आवको पहिलो चौमासिकमा रु ६ करोड ८४ लाख २२ हजार अर्थात् चार दशमलव ९२ प्रतिशत खर्च भएको नियन्त्रक अछामीको भनाइ छ। उक्त कार्यालयका अनुसार जिल्लाका सङ्घीय सरकार मातहतका ३६ वटा कार्यालय र यहाँका आठवटा स्थानीय तहका लागि पुँजीगततर्फ रु तीन अर्ब ३३ करोड १६ लाख बजेट प्राप्त छ ।

पशु ढुवानीमा चरम लापरबाही, मापदण्ड कार्यान्वयन गर्न माग

काठमाडौँ । नेपालमा मासु प्रयोजनका लागि विभिन्न जिल्लाबाट काठमाडौँ ल्याइने पशुपन्छीको ढुवानीमा चरम लापरबाही हुने गरेको छ। लामो दूरीसम्म कुनै दानापानी नदिइ, क्षमताभन्दा बढी सङ्ख्यामा कोचेर तथा उपयुक्त सवारीसाधन प्रयोग नगरी पशुपन्छी ओसारपसार गरिएको पाइएको हो ।

नेपाल पशु कल्याण तथा वातावरण समाजले गरेको स्थलगत अवलोकन तथा तस्विर तथा श्रव्यदृश्य सङ्कलनका क्रममा विशेषगरी राँगाभैँसी, बाखा र कुखुराको ढुवानीमा पशु कल्याण सम्बन्धी मापदण्डको उल्लङ्घन हुने गरेको पाइएको हो। समाजले आज यहाँ पत्रकार सम्मेलन गरी सबैभन्दा टाढा सुदूरपश्चिमको कैलाली, टीकापुर, अत्तरियालगायत क्षेत्रबाट काठमाडौँ सम्म भैँसी ल्याउँदा ४८ देखि ७२ घण्टासम्म लाग्ने जनाएको छ ।

उक्त अवधिमा कतिपय पशुलाई पानी तथा खाना उपलब्ध नगराइने गरेको तथ्य सार्वजनिक गरेको हो । "लामो दूरीको यात्रामा पशुलाई पानी खुवाउने, खाना दिने र आराम गराउने व्यवस्था हुनुपर्ने हो । तर, एउटै ट्रकमा क्षमताभन्दा बढी पशु कोचेर ल्याउने गरिएको छ । यसक्रममा उनीहरूलाई चोटपटक लाग्ने, घाउ हुने र शारीरिक तथा मानसिक पीडा भोग्नुपर्ने अवस्था छ", समाजका निर्देशक हरि जोशीले भन्नुभयो । उहाँका अनुसार राँगाभैँसीलाई विशेष प्रयोजनका लागि तयार गरिएका ढुवानी सवारीसाधनको सट्टा तरकारी तथा अन्य सामान बोक्ने ट्रकमा ओसारपसार गर्ने गरिएको छ । कतिपय अवस्थामा साना र ठूला राँगाभैँसीलाई एउटै ठाउँमा राख्ने तथा पर्याप्त स्थान नदिइ बाँधेर ल्याउने गरिएकाले उनीहरूलाई थप असहज हुने गरेको उहाँको भनाइ छ ।

कुखुरा तथा बाखाको ढुवानीमा पनि यस्तै समस्या देखिएको समाजका निर्देशक जोशीले सो अवसरमा बताउनुभयो । समाजले पशुपन्छीमाथि हुने यस्ता व्यवहार न्यूनीकरण गर्न जनचेतनामूलक केन्द्रित अभियानसमेत सञ्चालन गरिरहेको जनाएको छ । ढुवानीका क्रममा देखिएका समस्या उजागर गर्न फोटो तथा भिडियो सङ्कलन गरी सार्वजनिक गर्ने अभियान सुरु गरिएको निर्देशक जोशीले जानकारी दिनुभयो ।

उहाँले पशुपन्छीको व्यापार तथा मासु व्यवसायको विरोध नभई व्यवसाय सञ्चालनका क्रममा जनावरमाथि हुने क्रुर व्यवहार रोक्नुपर्नेमा जोड दिनुभयो । "पशु पनि जीवित प्राणी हुन्। उनीहरूलाई पनि भोक, प्यास, डर र पीडा हुन्छ। त्यसैले सुरक्षित ढुवानीको व्यवस्था गर्नु राज्य र सबै सरोकार भएका निकायको दायित्व हो", उहाँले भन्नुभयो ।

पशु ढुवानीका लागि सरकारले मापदण्ड बनाए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको समाजका निर्देशक जोशीको



भनाइ छ। पशु ढुवानी मापदण्डलाई समयानुकूल परिमार्जन गर्ने विषयमा सरकारी निकायले चासो देखाए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा भने प्रगति हुन नसकेको उहाँले बताउनुभयो ।

निर्देशक जोशीले पशु ढुवानीलाई व्यवस्थित बनाउन विशेष प्रकारका सवारीसाधन प्रयोग गर्नुपर्ने र त्यस्ता सवारीसाधन खरिद तथा सञ्चालनमा व्यवसायीलाई सरकारले सहुलियत र राजस्व छुट दिनुपर्ने सुझाव दिनुभयो ।

त्यस्तै, लामो दूरीमा पशु ओसारपसार गर्दा बीचबीचमा विश्रामस्थल (रेस्टिङ सेन्टर) स्थापना गर्नुपर्ने उहाँको भनाइ छ । त्यस्ता केन्द्रमा पशुलाई पानी तथा दानापानी खुवाउने, आराम गराउने र आवश्यक उपचार गर्ने व्यवस्था हुनुपर्ने उहाँले बताउनुभयो ।

काठमाडौँमा पशु ढुवानीका कारण उत्पन्न हुने फोहोर तथा सरसफाइको समस्या न्यूनीकरण गर्न चितवन आसपासमै आधुनिक तथा व्यवस्थित वधशाला स्थापना गर्नु अर्को विकल्प हुनसक्ने जोशीले उल्लेख गर्नुभयो। समाजका अनुसार काठमाडौँमा राँगाभैँसी तथा अन्य पशुपन्छी कैलाली, टीकापुर, अत्तरिया, नेपालगञ्ज, बर्दिया, नवलपरासी, बारा, जनकपुर, विराटनगरलगायत क्षेत्रबाट ल्याइने गरेका छन् । पशु ढुवानीको अनुगमन प्रणालीसमेत प्रभावकारी नभएको समाजको भनाइ छ ।

विभिन्न स्थानमा रहेका क्वारेन्टाइन कार्यालयले पशुको स्वास्थ्य प्रमाणपत्रका आधारमा ढुवानी प्रक्रिया अघि बढाउने गरे पनि वास्तविक अवस्थामा पशुलाई कस्तो तरिकाले ओसारपसार गरिएको छ भन्ने विषयमा पर्याप्त स्थलगत अनुगमन हुन नसकेको जोशीले बताउनुभयो ।

उहाँले पशु सेवा विभाग, क्वारेन्टाइन कार्यालय, ट्राफिक प्रहरी, पशु खरिद बिक्री व्यवसायी तथा ढुवानी व्यवसायीबीच समन्वय र सहकार्य बढाएर पशु ढुवानीसम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न सरकारसँग आग्रह गर्नुभयो ।

क्षतिग्रस्त सडक करिब दुई महिनापछि मर्मत सुरु

म्याग्दी । म्याग्दी नदीको बाढीले कटान गरेर मालिका गाउँपालिका-६ बालौटेमा अवरुद्ध बनाएको बेनी-दरवाङ सडक करिब दुई महिनापछि मर्मत थालिएको छ ।

गत असोज ८ देखि ११ गतेसम्मको झरिपछिको बाढीले बालौटेमा मालिका, मङ्गला र धवलागिरी गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने पश्चिम म्याग्दीको लाइफलाइन (भाग्यरेखा) मानिएको बेनी-दरवाङ सडकमा क्षति पुग्नुका साथै बस्तीमा जोखिम बढाएको थियो । नदीले कटान गरेपछि दुखुबेँसीको फेदीमा रहेको करिब १०० मिटर सडक भत्किएर बस्तीको नजिकै पहिरो पुगेको छ ।

पूर्वाधार विकास कार्यालय, मालिका गाउँपालिका र म्याग्दी नदी बेसिनमा निर्माणाधीन जलविद्युत् आयोजनाहरूको साझेदारीमा सडक मर्मतको काम थालिएको हो । पूर्वाधार विकास कार्यालयको प्रक्रियागत ढिलासुस्ती, कटान नियन्त्रण तथा बस्ती संरक्षणको सुनिश्चितता हुनुपर्ने दुखुबासीको माग छ । पूर्वाधार विकास कार्यालयले भने सडक मर्मतका लागि ग्यावीयन पर्खाल निर्माण गर्ने दुङ्गा जुटाउन समस्या हुँदा काममा ढिलाइ भएको जनाएको छ ।

अस्थायी रूपमा सडक मर्मतका लागि रु २५ लाख बजेट उपलब्ध गराएको गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री नन्दप्रसाद न्यौपानेले कात्तिक तेस्रो साता पहिरो प्रभावित सडकको निरिक्षण गरी नदी नियन्त्रण र बस्ती संरक्षणका लागि आवश्यक पर्ने थप रु दुई करोडभन्दा बढी बजेट उपलब्ध गराउने प्रतिबद्धता जनाएपछि पूर्वाधार विकास कार्यालयले प्रक्रिया अघि बढाएको थियो । तिहारअघि डोजर परिचालन गरेर म्याग्दी नदीलाई डाइभर्सन गराएपनि बालौटेको छिमेकी सहश्रधाराका बासिन्दाले ग्यावीयन जाली भर्न आवश्यक पर्ने ढुङ्गाको स्रोतमा अवरोध गरेकाले अपेक्षाकृत काम हुन नसकेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । सडक मर्मतलाई तीव्रता दिनका लागि ढुङ्गाको स्रोतको व्यवस्था मिलाउन मालिका गाउँपालिकासँग समन्वय गरिएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर राजेश उलकले बताउनुभयो ।

मालिका गाउँपालिकाले उपलब्ध गराएको ढुङ्गाहरू जलविद्युत् आयोजनाको डोजर र ढुवानीका साधन परिचालन गरी कार्यालयले ग्यावीयन जाली भरेर अस्थायी रूपमा सडक मर्मत गर्ने सहमति भएको थियो । म्याग्दीखोला, अपर म्याग्दी, अपर म्याग्दी-१, दरवाङ म्याग्दीखोला र मुदीखोला जलविद्युत् अयोजनाले साझेदारी गरेर सडक मर्मतमा उपकरण परिचालन गरेका छन् ।

म्याग्दी १(ख)बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशम बहादुर जुग्जाली (सुविन)ले सडक मर्मत कार्यलाई तीव्रता दिनका लागि मालिका गाउँपालिका, पूर्वाधार विकास कार्यालय र जलविद्युत् आयोजनालाई ताकेता गरिएको बताउनुभयो । बालौटेसँगै सिम-ताराखेत खण्डमा पनि म्याग्दी नदीले कटान गरेको सडक पुन निर्माणका लागि प्रदेश सरकारसँग पहल गरिएको उहाँले बताउनुभयो ।

अर्मनखोलाको बाढीले म्याग्दी नदीको धार परिवर्तन गराउँदा बालौटेमा कटान भएर सडक भत्किँदा बेनी-दरवाङ सडकमा यातायात सेवा प्रभावित बनेको छ ।

दुखुखोलामा ह्युम पाइप राखेर तत्काललाई दुखुबेँसी हुँदै तोलावाङ जोड्ने वैकल्पिक सडक सञ्चालन गरेपनि दिगो समाधानका लागि सडक मर्मत र बस्ती संरक्षण गर्नुपर्ने स्थानीयपवासीको माग छ ।

साँघुरो, कच्ची अवस्थाको ग्रेड नमिलेको वैकल्पिक सडकमा ठूला सवारीसाधन एकापसमा पार हुने पर्याप्त ठाउँ छैन । बागलुङको तमानखोलाका बासिन्दाले समेत प्रयोग गर्ने यो सडक निकै व्यस्त हुन्छ । म्याग्दीखोला बेसिनमा निर्माणाधीन छ वटा जलविद्युत् आयोजनाका निर्माण सामग्री र उपकरण ढुवानी गर्ने सवारी साधनहरुको चाप पनि यो सडकलाई पर्दछ ।

कोप-३१: 'हिमाल तथा जलवायु परिवर्तन कार्यक्रम' स्थापना गर्ने सहमति

काठमाडौँ । संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन महासन्धि (युएनएफसिसिसी)अन्तर्गत टर्कीएको अन्तालयामा भएको पक्ष राष्ट्रहरूको ३१औँ सम्मेलन (कोप-३१)मा हिमाल तथा जलवायु परिवर्तनसम्बन्धी दुई वर्षे कार्यक्रम स्थापना गर्ने सहमति भएको छ ।

यो निर्णय औपचारिक रूपमा पारित भएसँगै पहिलो पटक हिमाल, हिमाली पारिस्थितिक प्रणाली र हिमनदीमा निर्भर समुदायले युएनएफसिसिसी प्रक्रियामा आफ्नै छुट्टै र औपचारिक स्थान पाउने छन् । सम्मेलन निर्धारित समय (यही नोभेम्बर ९ देखि २०) भन्दा केही दिन पछिसम्म लम्बिएको र अझै अन्तिम निर्णय सार्वजनिक नभएको युएनएफसिसिसीको सचिवालयले जनाएको छ ।

वार्तामा पक्ष राष्ट्रहरूबीच हिमालसम्बन्धी विषयमा सहमति भइसकेको छ । यसको औपचारिक स्वीकृति र घोषणा कोप-३१ को समापन पूर्ण बैठकमा कोप निर्णयको रूपमा हुन बाँकी छ । सगरमाथाको देश नेपालका लागि यो निर्णय एउटा कोसेढुङ्गा हो । नेपालले वर्षौंदेखि उठाउँदै आएको हिमालको एजेन्डाले अन्ततः विश्व जलवायु वार्तामा मान्यता पाएको छ ।

सम्मेलनमा हालसम्म भएको सहमति अनुसार प्रस्तावित निर्णयको अनुच्छेद २२ र २३ मा हिमाल तथा जलवायु परिवर्तन सम्बन्धी विषय समेटिएको छ । जसअनुसार हिमाली क्षेत्र, हिमाली पारिस्थितिक प्रणाली र हिमनदीमा निर्भर समुदाय जलवायु परिवर्तनको प्रतिकूल प्रभावप्रति अत्यन्त जोखिममा रहेको विषय सम्मेलनले औपचारिक रूपमा स्वीकार गरेको छ । कार्यान्वयनसम्बन्धी सहायक निकाय (एसबिआई) र वैज्ञानिक तथा प्राविधिक सल्लाहसम्बन्धी सहायक निकाय (एसबिएसटिए)अन्तर्गत दुई वर्षे 'हिमाल तथा जलवायु परिवर्तन कार्यक्रम' स्थापना गरिएको छ । यसले अनुकूलन, विपद् जोखिम न्यूनीकरण, उत्थानशीलता निर्माण, तथ्याङ्क तथा अवलोकन र पूर्वसूचना प्रणाली सुदृढ गर्ने लक्ष्य राखेको छ ।

जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक तथा प्राविधिक सल्लाह दिने निकायका ६६औँ र ६८औँ बैठक (एसबिएसटिए ६६ र एसबिएसटिए ६८) मा 'हिमाल तथा जलवायु परिवर्तन संवाद' आयोजना गरिनेछ । संवादको निष्कर्षसहितको प्रतिवेदन कोप-३३ र पेरिस सम्झौताका पक्ष राष्ट्रहरूको दशौँ बैठक (सिएमए १०) मा पेस गरिनेछ । साथै कोप-३२ मा अध्यक्षताको मार्गदर्शनमा हिमाल र जलवायु परिवर्तनसम्बन्धी उच्च स्तरीय संवाद गरिनेछ ।

निरन्तर पैरवीको उपलब्धि

कृषि, वन तथा पर्यावरण मन्त्रालयले हालसम्मको यो उपलब्धिलाई सरोकारवाला सबैको निरन्तर पैरवीको परिणाम भनेको छ । सम्मेलनको पहिलो साता परराष्ट्र मन्त्री शिशिर खनालले नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै अन्ताल्या नेतृत्व शिखर सम्मेलनमा हिमालको मुद्दा विश्व नेताहरूसामु राख्नुभएको थियो । त्यसपछि वनमन्त्री गीता चौधरीले नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै विश्वमञ्चका विभिन्न वार्ता, कार्यक्रम र द्विपक्षीय भेटवार्तामा सहभागी भई निरन्तर पैरवी गर्नुभएको थियो । सम्मेलनअघि नेपाल र भुटानले हिमालसम्बन्धी संयुक्त औपचारिक प्रस्ताव पेस गरेका थिए । मन्त्री चौधरीकै नेतृत्वमा नेपाल, भुटान र किर्गिज गणतन्त्रले संयुक्त प्रस्ताव पेस गरिएको थियो भने नेपालले उच्चस्तरीय राजनीतिक संवादको छुट्टै प्रस्ताव अघि सारेको थियो ।

कोप-३१ अध्यक्षता तथा १४ मुलुकका मन्त्रीहरूसँगको सघन द्विपक्षीय भेटवार्ता तथा मध्यरातसम्म चलेका मन्त्रीस्तरीय परामर्शमा अडिग रहँदै मन्त्री चौधरीले सहायक निकाय अन्तर्गत छुट्टै हिमाल कार्यक्रमको नेपालको मूल माग सुनिश्चित गराउनुभएको थियो । त्यसपछि नै 'हिमाल र जलवायु परिवर्तनसम्बन्धी विषय' सम्मेलनको कार्यसूचीमा समावेश भएको थियो । मन्त्रालयका अनुसार अन्तिम चरणका महत्वपूर्ण वार्ताहरूमा मन्त्री चौधरीलाई सघाउने टोलीमा मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्र, सहसचिव डा महेश्वर ढकाल, उपसचिव दिपा ओली, मन्त्री चौधरीका सल्लाहकार अभिषेक श्रेष्ठ, अर्थमन्त्रीका सल्लाहकार बबिता विष्ट तथा विज्ञ आनन्द मिश्रलगायत हुनुहुन्थ्यो । यस उपलब्धिको पृष्ठभूमिमा प्रधानमन्त्री बालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घ महासभामा गर्नुभएको महत्वपूर्ण सम्बोधनका साथै राजनीतिक नेतृत्वको मार्गनिर्देशन, सभामुख तथा सबै दलका सांसद हरूको एकताबद्ध राजनीतिक समर्थन

वायु गुणस्तर कायम गर्न कामपाको रणनीतिक क्षेत्र

काठमाडौँ । काठमाडौँ महानगर पालिकाले वायु गुणस्तर कायम गर्न २७ वटा रणनीतिक क्षेत्रसहितको कार्यक्रम अघि बढाउने योजना बनाएको छ । धुलो, धुवाँ, फोहर जलाउने प्रवृत्ति र सवारी प्रदूषण नियन्त्रणदेखि स्वच्छ चुलो, हरियाली विस्तार र प्रदूषणको जोखिममा रहेका नागरिकको स्वास्थ्य सुरक्षा सम्मका रणनीतिक कार्यक्रम उक्त क्षेत्र अन्तर्गत रहेका कामपा वातावरण व्यवस्थापन विभागका प्रमुख सरिता राईले जानकारी दिनुभयो ।

प्रमुख राईले भन्नुभयो, "कामपाले सहरको वायु प्रदूषण नियन्त्रण तथा न्यूनीकरणका लागि १० वटा मुख्य उद्देश्यसहित 'वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०८३' मस्यौदासमेत तयार गरिसकेको छ ।" विभागले तयार पारेको कार्ययोजनामा सडकको धुलो र सवारीसाधनबाट निस्कने धुवाँ, फोहरमैला व्यवस्थापन, घरभित्रको वायु प्रदूषण, हरियाली विस्तार तथा जनस्वास्थ्य सुरक्षालाई प्राथमिकता मा राखेको छ ।

"कामपा नसर्ने रोग (गैर सङ्क्रामक) र चोटपटकबाट नागरिकलाई बचाउन प्रतिबद्ध रहेका विश्वका सहरहरूको सञ्जालको सदस्य पनि हो । सोही कारणले विश्व स्वास्थ्य सङ्गठन, विश्वव्यापी स्वास्थ्य सङ्गठनको महत्वपूर्ण रणनीतिसँगको साझेदारी र ब्लुमवर्ग फिलान्थ्रोपिज (परोपकार र सामाजिक विकास संस्था)सँगको सहकार्यमा कार्यक्रम सञ्चालन हुने गरेका छन् । यसरी सञ्चालन हुने कार्यक्रममध्ये वायु प्रदूषण नियन्त्रण एउटा महत्वपूर्ण हो । भौगोलिक बनावटका कारण वायु प्रदूषणको असर हामीले पनि भोग्नु परेको छ । साझा प्रयत्नबाट हामी यसलाई घटाउन चाहन्छौं", प्रमुख राईले भन्नुभयो ।

कार्ययोजनाले वायु प्रदूषण रोकथाम तथा न्यूनीकरणका लागि नीतिगत, कानुनी, संस्थागत र आर्थिक व्यवस्था सुदृढ गर्ने पहिलो उद्देश्य राखेको छ । यस अन्तर्गत कामपाका विद्यमान नीति, नियम, कार्यविधि तथा मापदण्डको समीक्षा र परिमार्जन गर्ने, प्रदूषण नियन्त्रण मापदण्ड, २०८१ पुनरवलोकन गर्ने तथा विद्यालय र अस्पतालजस्ता संवेदनशील क्षेत्रलाई लक्षित गरी विशेष व्यवस्था गर्ने उल्लेख छ । विद्युतीय सवारीसाधन र विद्युतीय चुलोजस्ता स्वच्छ प्रविधिलाई प्रोत्साहन गरिनेछ ।

सबै काम एउटै विभागबाट सञ्चालन गर्न नसकिने भएकाले विषयगत प्रकृतिअनुसार कामपाको ३२ वटै वडा कार्यालयलाई पनि जिम्मेवारी दिइएको प्रमुख राईले जानकारी दिनुभयो । यसमा यातायात तथा सडक सुरक्षा योजना, सार्वजनिक निर्माण विभाग, उद्यान तथा हरियाली प्रवर्द्धन आयोजना, स्वास्थ्य विभाग, शिक्षा विभाग, सूचना प्रविधि विभाग, वडा कार्यालयहरूका जिम्मेवारी तोकिएका छन् । कार्ययोजनामा केही काम तत्काल तथा निरन्तर, केही महिनाभित्र, केही एक वर्षभित्र र केही दुईदेखि पाँचवर्षको अवधिमा सम्पन्न गर्ने लक्ष्य राखिएको कामपाले जनाएको छ ।

निःशुल्क आँखा शिविरबाट सम्पन्न

कञ्चनपुर । कञ्चनपुरको भीमदत्त नगरपालिका-९ स्थित रामटोलमा भएको निःशुल्क आँखा शिविरबाट ४०३ जना सर्वसाधारणले निःशुल्क उपचार सेवा लिएका छन् ।

सो क्रममा लायन्स क्लब अफ महाकाली इन्जिनियर्सले महेन्द्रनगर आँखा अस्पतालको सहयोगमा सञ्चालन गरेको शिविरबाट ४०३ जना स्थानीय लाभान्वित भएका हुन् । शिविरमा आँखा जाँच गराएकामध्ये ४४ जनाको मोतिया बिन्दुको समस्या देखिएको महेन्द्रनगर आँखा अस्पताल का नेत्र अधिकृत वीरसिंह धामीले जानकारी दिनुभयो । उहाँका अनुसार १६५ जनालाई निःशुल्क चस्मा वितरण गरिएको छ । "आँखा अस्पतालसम्म पहुँच नभएका बस्तीमा पुगेर हामीले हरेक वर्ष निःशुल्क जाँच शिविर सञ्चालन गरिरहेका छौं", धामीले भन्नुभयो, ।

जनताको बहुदलीय जनवाद र साहित्यबारे परिचर्चा

काठमाडौँ । साहित्य सन्ध्याको ४८२औँ नियमित मासिक विशेष शृङ्खलामा 'जनताको बहुदलीय जनवाद (जबज) र साहित्य' विषयमा परिचर्चा र कविगोष्ठी आयोजना गरिएको छ । कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेले साहित्य सामाजिक रूपान्तरणको महत्वपूर्ण माध्यम भएको बताउँदै साहित्यले राजनीतिक तथा सामाजिक विकृतिविरुद्ध माझको यथार्थ चित्रण गर्दै मानिसलाई मार्गदर्शन र उत्प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो ।

"राजनीतिक व्यक्ति पनि साहित्यबाट प्रभावित भयो भने मात्र ऊ चिन्तनशील र विवेकी हुन्छ । साहित्य भनेको समाजलाई जोड्ने तन्तु हो", पूर्वअर्थमन्त्री पाण्डेले भन्नुभयो, "साहित्यकारले बडो सुझबुझका साथ सिर्जनामा क्रियाशील हुनु र विकृत अवस्थाप्रति जागरण ल्याउनु आवश्यक छ ।"

समालोचक डा फणीन्द्रराज निरौलाले वाचित कवितामा मुलुकको वर्तमान सामाजिक मनोविज्ञान, असन्तोष, विद्रोह, बेथिति र अराजकताको चित्रण भएको बताउनुभयो । उहाँले सिर्जनामा आक्रोशसँगै सकारात्मकता र आशावादी दृष्टिकोण पनि अभिव्यक्त हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा ओमप्रसाद कोइराला, डम्बर पहाडी 'एलाक', खेममराज निरौला, नवराज श्रेष्ठ, डा बद्रीविशाल पोखरेल, डा कृष्ण सुवेदी, डा गोविन्दप्रसाद आचार्य, लक्ष्मीप्रसाद थपलिया, रामचन्द्र दाहाल, गोपाल नेपाल, केदारनाथ आचार्य, ताराचन्द्र आचार्य, गणेश प्रसाद थपलिया, डा मनोज जोशी, डा हेमनाथ पौडेल, डा जगत्प्रसाद उपाध्याय, गोपालप्रसाद थपलिया, महेशराज खरेल, परशुराम परासर, पूर्णशोभा चित्रकार, डा रूपनारायण श्रेष्ठ, राधिका भण्डारी सापकोटा, कृष्णप्रसाद पौडेल जस्ताघरे, चेवन बस्नेत ठूलाघरे, लक्ष्मण तिमल्सिना, प्रशान्त खरेल, ज्ञानु विद्रोहीले रचना वाचन गर्नुभएको थियो । साहित्य सन्ध्याका अध्यक्ष राम विनयले संस्थाले २०३९ सालदेखि साहित्यका माध्यमबाट सामाजिक रूपान्तरणको अभियान सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

घोप्टेभिरको भाग झार्न थालियो

चितवन । पृथ्वी राजमार्गको मुग्लिन-नौबिसे सडकखण्डको घोप्टेभिरमा सवारी रोकेर जोखिमपूर्ण भाग झार्न सुरु गरिएको छ । शनिबार दिउँसोदेखि दैनिक पाँच घण्टा सवारी रोकेर जोखिमपूर्ण भाग झार्न थालिएको हो ।

नागढुङ्गा-मुग्लिन सडक आयोजना (पश्चिम खण्ड)का सूचना अधिकारी सचेन्द्र मिश्रका अनुसार शनिबार नागढुङ्गा तर्फबाट बाटो बनाएर घोप्टेभिरको माथिल्लो भागमा एक्साभेटर पुर्याइएको थियो । उक्त एक्साभेटरले आइतबारदेखि डाँडाको जोखिमपूर्ण र झर्न सक्ने ढिस्को काट्न सुरु गरेको हो । निर्माण कम्पनी शर्मा जेडआईसिजि जेभिका इन्जिनियर ईश्वर नेपालका अनुसार करिब १०० मिटर अग्लो ठाउँमा एक्साभेटर पुर्याएर डाँडो काट्न थालिएको हो । बिहान ११:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म सडकमा सवारी रोकेर काम गरिएको उहाँले जानकारी दिनुभयो । डाँडोबाट तहगत रूपमा कटान गर्दै एक्साभेटर तल झारिने उहाँले बताउनुभयो । "डाँडामा अवस्था हेरेर थप उपकरण वा एक्साभेटर लैजान सकिने देखिएमा सोमबार (आज)सम्ममा अर्को एक्साभेटर थप्ने योजना छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com